**२.३ भ्रष्टाचार नियन्त्रण सम्बन्धी आयोगबाट भएका निरोधात्मक कार्यको विवरण**

भ्रष्टाचारजन्य कार्यको नियन्त्रणका लागि आयोगले उजुरीउपर गरीने अनुसन्धान र अभियोजनको दण्डात्मक कार्यले मात्र अपेक्षित परिणाम प्राप्त हुन नसक्ने ठानी भ्रष्टाचार हुनै नदिने वा त्यसलाई रोक्ने निरोधात्मक कार्यहरूलाई निरन्तर रुपमा अगाडि बढाएको छ ।

स्थानीयस्तरमा हुने भ्रष्टाचार न्यूनीकरण र निरोधका लागि ३३ वटा जिल्लामा प्रमुख जिल्ला अधिकारीहरुलाई अधिकार प्रत्यायोजन गरीएको छ । निजहरुले अनियमितता र भ्रष्टाचारका विषयमा परेका उजुरीहरुका सम्बन्धमा प्रारम्भिक छानबिन गरी तामेलीमा राख्न वा विस्तृत अनुसन्धान गर्न सम्बन्धित कागजात सहित आधार र कारणसमेत खुलाई आयोगको सम्बन्धित कार्यालय मार्फत आयोग समक्ष पठाउनु पर्ने व्यवस्था गरीएको छ ।

आयोगले भ्रष्टाचारविरुद्ध नागरीक समाजसँग सहकार्य अभिवृद्धि गर्ने उद्देश्यले विभिन्न जिल्लामा भ्रष्टाचारविरुद्धको नागरीक निगरानी संस्था (Citizen Jury) गठन गरी भ्रष्टाचार विरुद्धको अभियानमा नागरीक समाजको सहभागिता बढाउने कार्यको शुरुवात गरेको छ ।

## २.४ भ्रष्टाचार नियन्त्रण सम्बन्धी आयोगबाट भएको प्रवर्द्धनात्मक कार्यको विवरणः

### क. रोल्पा जिल्लाको सुनिलस्मृति गाउँपालिकामा सामुदायिक शिक्षा कार्यक्रम सम्पन्न

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवलले बार्षिक कार्यक्रम अनुसार भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन सम्बन्धी विद्यालय स्तरीय सामुदायिक शिक्षा कार्यक्रम मिति २०७७/११/२५ गते रोल्पा जिल्लाको सुनिलस्मृति गाउँपालिका, वडा नं. २ स्थित त्रिपुरेश्वरी माध्यामिक विद्यालय, खुङ्ग्रीमा आयोगको कार्यालय, वुटवलका उपसचिव श्री रुद्र प्रसाद ज्ञवालीको अध्यक्षता र सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री गुणेन्द्र घर्तीको प्रमुख आतिथ्यतामा सम्पन्न भयो। उक्त गाँउपालिकाका प्रमुख प्रशासकीय अधिकृत, विभिन्न वडाका वडा अध्यक्षहरू, विद्यालयका प्रधानाध्यापक, शिक्षक/शिक्षिकाहरू र विद्यार्थीहरू समेत गरी करिव ९९ जनाको सहभागिता रहेको थियो ।

### ख. नवलपरासी जिल्लाको (बर्दघाट सुस्ता पश्चिम) बर्दघाट नगरपालिका वडा नं २ मा सामुदायिक शिक्षा कार्यक्रम सम्पन्न

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवलले बार्षिक कार्यक्रम अनुसार भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन सम्बन्धी विद्यालय स्तरीय सामुदायिक शिक्षा कार्यक्रम मिति २०७७/१२/०५ गते बर्दघाट नगरपालिका वडा नं २ स्थित श्री दिव्य ज्योती माध्यमिक विधालयमा सामुदायिक शिक्षा कार्यक्रम सम्पन्न गरेको छ

उक्त कार्यक्रम आयोगको कार्यालय, वुटवलका सि.डी.ई. श्री जय राम श्रेष्ठको अध्यक्षता र वर्दघाट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,नवलपरासीका उपसचिव एवंम शिक्षा शाखा प्रमुख श्री इन्द्र वहादुर कुवँरको प्रमुख आतिथ्यता भएको थियो भने वडा अध्यक्ष,वि.व्य.स.अध्यक्ष, विद्यालयका प्रधानाध्यापक, शिक्षक/शिक्षीकाहरू र विद्यार्थीहरू समेत गरी करिव १०७ जनाको सहभागिता रहेको थियो ।

### ग. विभिन्न जिल्लामा अन्तरक्रिया कार्यक्रम सम्पन्न

आयोगको प्रवर्द्धनात्मक कार्यक्रम अन्तर्गत माननीय आयुक्त श्री किशोर कुमार सिलवालको उपस्थितिमा ईलाममा मिति २०७७/१२/११ गते, पाँचथरमा १२ गते तथा ताप्लेजुङमा १३ गते कुल २८२ जनाको सहभागितामा जिल्ला स्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ भने माननीय आयुक्त श्री जय बहादुर चन्दको उपस्थितिमा मिति २०७७/१२/२४ गते उदयपुर जिल्लामा भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रबर्द्धन

विषयक अन्तरक्रिया कार्यक्रम संचालन भएको छ। त्यस्तै मिति २०७७/११/२१ गते आयोगका सचिव तोयम रायाको उपस्थितिमा विराटनगर महानगरपालिकामा १५५ जनाको सहभागितामा भ्रष्टाचार नियन्त्रणसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

आयोगको कार्यालय, सुर्खेतले विभिन्न मितिमा विभिन्न स्थानहरुमा कुल ४३३ जनाको सहभागितामा भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ भने आयोगको कार्यालय बुटवलले यस त्रैमासिक अवधिमा कुल १११७ जनाको सहभागितामा विद्यालय स्तरीय सामुदायिक शिक्षा कार्यक्रम सम्पन्न गरेको छ। आयोगको कार्यालय बर्दिवासले कार्यालयको कार्यक्षेत्र अन्तर्गतका जिल्लामा विभिन्न कर्मचारी र पदाधिकारी गरी कुल ५९८ जनाको उपस्थितिमा अन्तरक्रिया कार्यक्रम संचालन गरेको छ भने आयोगको कार्यालय कञ्चनपुरले कार्यालयको कार्यक्षेत्रभित्र भ्रष्टाचार विरुद्ध जनचेतना अभिवृद्धि गर्न, उजुरी/ गुनासा ग्रहण गर्न तथा विभिन्न प्रकारका सामाग्रीहरु प्रकाशन गरी भ्रष्टाचारका विरुद्ध जनमत सिर्जना गर्न फेसबुक पेज सञ्चालनमा ल्याएको छ।

### घ. "सुशासन सवाल" टेलिभिजन कार्यक्रम

आयोग र नेपाल टेलिभिजनसँगको सहकार्यमा अघिल्लो आ. व. देखि नै सुशासन सवाल नामको साप्ताहिक टेलिभिजन कार्यक्रम हरेक मंगलवार साँझ ७:२५ मा प्रशारण हुँदै आएको छ। अघिल्लो आ.व बाट निरन्तर संचालित उक्त कार्यक्रम यस आ.व. को तेस्रो त्रैमासिक अवधिमा नेपाल टेलिभिजनबाट माघ महिनामा ४ वटा, फागुनमा ४ वटा र चैत्रमा ५ वटा गरी कुल १३ वटा श्रृंखला प्रशारण भैसकेको छ र उक्त श्रृंखलाहरु आयोगको फेसबुक, टुइटर र युट्युव च्यानलबाट समेत यथासम्भव प्रत्यक्ष प्रशारण हुँदै आएको छ साथै यी कार्यक्रमहरु उक्त च्यानलहरुमा सहज पहुँचका लागि राखिएको छ ।

## २.५ भ्रष्टाचार नियन्त्रणसम्बन्धी आयोगबाट भएका संस्थागत क्षमता विकास सम्बन्धी कार्यको विवरण

### क.अनुसन्धान अधिकृतहरुको लागि अभिमुखीकरण तालिम सम्पन्न

*अ.*आयोगमा विभिन्न निकायहरुबाट सरुवा/काजमा हाजिर हुन आउनु भएका उपसचिव देखि शाखा अधिकृतसम्मका विभिन्न सेवा समूहका अधिकृतहरुलाई भ्रष्टाचारको अनुसन्धान सम्बन्धी अभिमुखिकरण तालिम (Orientation Training on Investigation) मिति २०७७ फागुन १६ देखि फागुन १९ गतेसम्म केन्द्रीय कार्यालय टङ्गालमा सञ्चालन गरीयो । चार दिनसम्म संचालित उक्त कार्यक्रममा आयोगमा कार्यरत विभिन्न सेवा/समूह र क्षेत्रका २८ जनाको सहभागिता रहेको थियो।

तालिम कार्यक्रमको समापन समारोहमा आयुक्त डा. सावित्री थापा गुरुङले जीवनका हरेक क्षण सिकाईको क्रममा रहेको र यस प्रकारका सिकाइयुक्त तालिमले आयोगका अनुसन्धान अधिकृतहरुको कार्यक्षमतामा वृद्धि भई आयोगको लक्ष्य प्राप्त हुने बताउनु भयो।त्यस्तै आयुक्त किशोर कुमार सिलवालले भ्रष्टाचार एउटा संगठित अपराध हुने भएकोले ट्रेडिसनल क्राइम जस्तो सबै नदेखिने र डकुमेन्टको मिहिन अध्ययन गरी अनुसन्धान गर्नुपर्ने सुझाव दिनुभयो ।साथै आयुक्त जयबहादुर चन्दले अनुसन्धान पट्यार लाग्दो विषय भएकोले अनुसन्धान अधिकृतलाई धैर्यता, लगनशिलता आवश्यक हुने र तथ्य र प्रमाणमा आधारित अनुसन्धान गर्नुपर्ने कुरामा जोड दिनुभयो ।

समापन कार्यक्रममा आयोगका सचिव श्री तोयम रायाले सहभागीहरुबाट प्राप्त भएका पृष्ठपोषणहरुलाई आगामी तालिमको संरचना निर्धारण गर्दा समावेश गर्ने बताउनु हुँदै सहभागी प्रशिक्षार्थीहरुको पृष्ठपोषण अनुरुप नै आयोगले पनि आगामी दिनहरुमा सार्वजनिक खरिद, जग्गा प्रशासन, विकास निर्माणमा गुणस्तर जस्ता विषयहरुमा अनुसन्धान गर्न विशिष्टीकृत तालिम सञ्चालन गर्ने योजना रहेको बताउनुभयो भने स्रोत तथा साधनहरु उपलब्ध गराउने विषयमा आयोगले कहिल्यै पनि कञ्जुस्याँई नगर्ने तर कर्मचारीहरुले आफ्नो खुबीको उच्चतम प्रयोग गर्दै मर्यादित ढङ्गले समय भित्र त्रुटि रहित रुपमा कार्यसम्पादन गर्न निर्देशन दिनुभयो ।

समापन कार्यक्रममा सहभागीहरुको तर्फबाट तालिमको बारेमा धारणा राख्दै उपसचिव रविन्द्र प्रसाद आचार्यले अभिमुखीकरण तालिमबाट आफूहरु अनुसन्धानका धेरै जस्तो विषयवस्तुहरुको बारेमा सुसूचित भएको बताउनु हुँदै तालिमका प्रशिक्षकहरुको गाम्भीर्यता, समय पालना अनुकरणीय रहेको धारणा राख्नुभयो । साथै उहाँले अनुभवी अनुसन्धान अधिकृतहरुसँग रिफ्रेसमेन्ट तालिम भए अनुभव साटासाट गरी थप ज्ञान तथा सीप हासिल हुने बताउनुभयो ।

***आ.***आयोगमा विभिन्न निकायहरुबाट सरुवा/काजमा हाजिर हुन आउनु भएका विभिन्न सेवा समूहका अधिकृतहरुलाई भ्रष्टाचारको अनुसन्धानसम्बन्धी अभिमुखीकरण तालिम मिति २०७७ चैत्र २ देखि चैत्र ६ गतेसम्म (पाँच दिन) केन्द्रीय कार्यालय, टङ्गालमा सञ्चालन गरीयो । पाँच दिनसम्म संचालित उक्त तालिममा प्रशासन सेवाका ११,न्याय, सरकारी वकिल सेवाका १,इन्जिनियरिङ्ग तर्फका ५, प्रहरी सेवाका ५ र अन्य क्षेत्रका २ जना गरी २५ जनाको सहभागिता रहेको थियो।

तालिमको समापन कार्यक्रममा आयोगका माननीय प्रमुख आयुक्त प्रेम कुमार राईले सरुवा/पदस्थापन भई आएका कर्मचारीहरुलाई आयोगमा स्वागत गर्दै प्रशिक्षित कर्मचारीहरुलाई आयोगको कार्यविधि तथा आचार संहितालाई आन्तरिकीकरण गरी दवाव र प्रभावमा नपरी गहकिलो अनुसन्धान गर्दै समयमा नै अनुसन्धान कार्य सम्पन्न गर्न निर्देशन दिनुभयो ।

त्यस्तै माननीय आयुक्त डा. सावित्री थापा गुरुङले जीवनका हरेक क्षण सिकाईको क्रममा रहेको र यस प्रकारका सिकाइयुक्त तालिमले आयोगका अनुसन्धान अधिकृतहरुको कार्यक्षमतामा वृद्धि भई आयोगको लक्ष्य प्राप्त हुने साथै अनुसन्धान अधिकृतले आचारसंहिताको पूर्ण पालना गर्नुपर्ने, अनुसन्धानमा फोकस हुनुपर्ने, ऐन कानूनको अध्ययन गरी अनुसन्धान सम्पनन हुनुपर्ने विचार व्यक्त गर्नु भयो।

सोही कार्यक्रममामाननीय आयुक्त किशोरकुमार सिलवाले अनुसन्धान अधिकृतले समयमा अनुसन्धानको कार्य सम्पन्न गर्नुपर्ने र अनुसन्धान एक मालाकारको रुपमा सिलसिलेवार रुपमा पूर्ण हुनुपर्ने भएकोले अनुसन्धान अधिकृतले सो कुरामा ध्यानदिनुपर्ने कुरा व्यक्त गर्नु भयो । साथैमाननीय आयुक्त किशोरकुमार सिलवाले अनुसन्धान अधिकृतले समयमा अनुसन्धानको कार्य सम्पन्न गर्नुपर्ने र अनुसन्धान एक मालाकारको रुपमा सिलसिलेवार रुपमा पूर्ण हुनुपर्ने भएकोले अनुसन्धान अधिकृतले सो कुरामा ध्यानदिनुपर्ने कुरा व्यक्त गर्नु भयो।

समापन कार्यक्रममा सहभागीहरुको तर्फबाट तालिमको बारेमा धारणा राख्दै उपसचिव श्री भूमिनन्द खनालले अभिमुखीकरण तालिमबाट आफूहरु अनुसन्धानका धेरै जस्तो विषयवस्तुहरुको बारेमा सुसूचित भएको बताउदै तालिमको सुरुवातमा नै सहभागी प्रशिक्षार्थीहरुबाट तालिमबाट सहभागीहरुको अपेक्षा संकलन गर्नुका साथै

अनुसन्धानका चरणमा अनुसन्धान अधिकृतले निर्वाह गर्ने भूमिका लगायतका विषय समावेश हुनु सबैभन्दा सुखद पक्ष रहेको धारणा राखुभयो। प्यानल छलफल सत्रमा सचिव श्री तोयम राया, सहसचिव श्री राजेन्द्रकुमार के.सी., सहसचिव श्री नारायणप्रसाद रिसालले सहभागीहरुले सोधेका प्रश्न तथा जिज्ञासाहरुको जवाफ दिनु भएको थियो साथै सचिव श्री तोयम रायाले सहभागीहरुलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो।

## ख. आयोगको अनुसन्धान तथा अभियोजन कार्यमा विज्ञान प्रविधिको उपयोग

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफ्नो अनुसन्धान तथा अभियोजनको कार्यलाई वस्तुपरक तथा वैज्ञानिक बनाउने हेतुले विभिन्न विज्ञान तथा प्रविधिहरुको प्रयोग गर्दै आइरहेको छ । आयोगमा आफ्नै पोलिग्राफ परीक्षण प्रयोगशाला, इञ्जिनियरिङ प्रयोगशाला साथै फरेन्सिक ल्याब पनि स्थापना भएको छ । यस ल्याबबाट आयोगले आ.व. २०७७।०७८ को तेस्रो त्रैमासिक (माघ- चैत्र) सम्म कुल १५ वटा विभिन्न साधनहरुको परीक्षण गरेको छ । फरेन्सिक ल्याब परीक्षणको विवरण निम्नबमोजिम रहेको छ।

| सि.नं | विषय | आ.व. २०७७/०७८ तेस्रो त्रैमासिक (माघ- चैत्र) |
|---|---|---|
| १ | मोवाइल | १५ |
| जम्मा | | १५ |

- त्यस्तै आयोगमा अनुसन्धानको शिलशिलामा झुठा वोले नवोलेको पत्ता लगाउनको लागि गरीने पोलिग्राफ परीक्षण प्रयोगशालाबाट १७ जना झुठ बोलेको साथै १२ जना परीक्षणको लागि असहमत भएको अवस्था देखिन्छ। आ.व २०७७।०७८ को दोस्रो त्रैमासिक अवधिको पोलिग्राफ परीक्षण प्रयोगशाला विवरणलाई निम्न तालिकामा उल्लेख गरिएको छ।

| २०७७ माघ महिनाको परीक्षण विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| परीक्षणको लागि असहमत | झुठ बोलेको संकेत प्राप्त | झुठ नबोलेको संकेत प्राप्त | राय दिन नसकेको | सेन्सरले सपोर्ट नगरेको | पुरुष | महिला | जम्मा परीक्षण संख्या |
| ०२ | ०९ | १ | - | - | १२ | - | १२ |

| २०७७ फागुन महिनाको परीक्षण विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| परीक्षणको लागि असहमत | झुठ बोलेको संकेत प्राप्त | झुठ नबोलेको संकेत प्राप्त | राय दिन नसकेको | सेन्सरले सपोर्ट नगरेको | पुरुष | महिला | जम्मा परीक्षण संख्या |
| ०६ | ०६ | - | - | - | ११ | १ | १२ |

| २०७७ चैत्र महिनाको परीक्षण विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| परीक्षणको लागि असहमत | झुठ बोलेको संकेत प्राप्त | झुठ नबोलेको संकेत प्राप्त | राय दिन नसकेको | सेन्सरले सपोर्ट नगरेको | पुरुष | महिला | जम्मा परीक्षण संख्या |
| ४ | ०२ | - | - | - | ०६ | - | ०६ |

| २०७७/२०७८ तेस्रो त्रैमासिक(माघ, फागुन, चैत्र) परीक्षण बिबरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| परीक्षणको लागि असहमत | झुठ बोलेको संकेत प्राप्त | झुठ नबोलेको संकेत प्राप्त | राय दिन नसकेको | सेन्सरले सपोर्ट नगरेको | स्वीकार गरेको | पुरुष | जम्मा परीक्षण संख्या |
| १२ | १७ | १ | - | - | २९ | ०१ | ३० |

आयोगको कामकारबाहीलाई अझै तथ्यमा आधारित र यथार्थपरक बनाउन र आयोजनाहरुको गुणस्तर मापनको लागि आयोगको कार्यालय तथा मातहतका सबै कार्यालयमा समेत Engineering Laboratory स्थापना गरीएको छ। आयोगमा परीक्षण गर्न सकिने नमुनाको परीक्षण आयोगकै Engineering Laboratory मा गरीएको र आयोगमा गर्न नसकिने परीक्षण अन्य सरकारी तथा गैर सरकारी निकायमा Sampling गरी परीक्षणको लागि पठाउने गरीएको छ। दोस्रो त्रैमासिक अवधिमा आयोगमा गरीएको Engineering Laboratory को परीक्षणको विवरण यहाँ प्रस्तुत गरीएको छ।

| क्रम संख्या | योजनाको नामः | परीक्षण : |
|---|---|---|
| १) | आयोगका कार्यालयहरु नेपालगन्ज/कंचनपुर/इटहरी मा आयोगको Contract No.CIAA/NCB/Goods/06/076/077सँग सम्बधित(Supply,Delivery,Installation,Calibration of Civil Engineering Lab Equipments) हरुको निरीक्षण,Machine operation परीक्षण बिधिसमेत सम्बधित प्रविधिकको रोहवरमा देखाईएको । | |
| २) | सडक विभाग पुष्पलाल मध्य पहाडी लोकमार्ग सडक (पश्चिम खण्डमा) प्रयोग भएको Giwire को नमुना संकलन गरी गुणस्तर तथा नापतौल विभागमा आयोगको प्राविधिक र सम्बधित कार्यालयका प्रतिनिधिको रोहवरमा परीक्षण कार्य सम्पन्न गरीएको । | |
| ३) | **सडक** विभाग सडक विस्तार आयोजना काठमाडौं द्वारा गरीएको (चबहिल, थली, गोकर्ण ) सडकको ढलान सडक काटी नमुना संकलन गरीएको साथै Asphalt Concrete सडकको समेत २ पटक सम्म corecut गरी परीक्षणको लागि नमुना सकलन गरीएको । | १)Asphalt सडकमा Bitumen को मात्रा परीक्षण।<br>२)Asphalt सडकको thickness परीक्षण ।<br>३)RCC concrete सडक को core cutting गरी भार बहन क्षमता मापन । |
| ४) | **सडक** विभाग सिन्धुली बर्दिबास सडक योजनाको हालसालै निर्माण सम्पन्न गरीएको भकुन्डेबेसी सम्मको सडक निर्माण कार्य । | १)Asphalt सडकमा Bitumen को मात्रा परीक्षण।<br>२)Asphalt सडकको thickness परीक्षण ।<br>३) Asphaltcore को DensityTest.<br>४) Base Aggregate को मोटाइ मापन । |
| ५) | जिल्ला रामेछाप , दोरम्बा गाउँपालिका ३ कन्ठेस्वर मा.बि. टोकरपुरमा "विद्यालय भवनको गुणस्तर सुनिश्चित गर्ने कार्य | १) NDT प्रबिधि द्वारा Digital Schmidt hammer बाट भवनको slab र Column को भार बहन क्षमता मापन। |
| ६) | सडक विभाग हुलाकी सडक योजना जनकपुर अन्तर्गत(नयाँरोड-मधुबनी सडक)सर्लाही जिल्ला को उक्त सडकमा गुणस्तर एकीन कार्य । | १) AggregateImpact Value (AIV) Test<br>२) CrushingRatio(CR) Test<br>३) Field Density परीक्षण ।<br>४) Base Aggregate को मोटाइ मापन ।<br>५) Sub Base Aggregate को मोटाइ मापन । |

पुनश्च : आयोगमा परीक्षण गर्न सकिने परीक्षण आयोगकै Engineering Laboratory मा परीक्षण गरीएको र आयोगमा गर्न नसकिने परीक्षण अन्य सरकारी तथा गैर-सरकारी निकायमा Sampling गरी परीक्षणको लागि पठाउने गरीएको छ। परीक्षण नतिजा सम्बधित मिसिलमा /सम्बधित महाशाखामा पठाई सकिएको छ । साथै अन्य फिल्ड परीक्षण COVID १९ लगायतको कारणले फिल्डमा गई SAMPLING गरी परीक्षण गर्ने कार्य सम्पादन गर्न बाँकी रहेको छ।

### *३. आयोगबाट भएका अन्य गतिविधि*

क. **माननीय प्रमुख आयुक्त र आयुक्तहरुको पदभार ग्रहण सम्पन्न ।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय प्रमुख आयुक्त श्री प्रेम कुमार राई, माननीय आयुक्त श्री किशोर कुमार सिलवाल र माननीय आयुक्त श्री जय बहादुर चन्दले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पदभार ग्रहण गर्नुभयो।

माननीय प्रमुख आयुक्त र माननीय आयुक्तहरूले पदभार ग्रहण गर्नु पूर्व उहाँहरूलाई आयोग परिसरमा आयोगका तत्कालीन सचिव श्री सुरेश अधिकारीको नेतृत्वमा कर्मचारीहरुबाट पुष्पगुच्छासहित स्वागत गरिएको थियो ।

कार्यक्रममा निर्देशन सहितको आफ्नो मन्तब्य दिँदै माननीय प्रमुख आयुक्त श्री प्रेम कुमार राईले आयोगको साँखलाई अझ उचाईमा पुर्याउन चुनौती पार गर्दै साझा जिम्मेवारी वहनगर्नुपर्ने कुरामा जोड दिनुभयो। उहाँले आयोगका सम्पूर्ण पदाधिकारी र कर्मचारीहरूले आफुलाई गरेको स्वागत प्रति धन्यवाद दिंदै मुलुक र जनताप्रतिइमान्दारीता र निष्ठापूर्वक कार्यसम्पादन गर्ने बताउनुभयो । विगतमा आयोगतथा सार्वजनिक प्रशासनअन्तर्गत विभिन्न निकायहरूमा कार्य गर्दाको अनुभवबाटनेपालमा भ्रष्टाचार नियन्त्रण र सुशासन स्थापना गर्न जिम्मेवारीपूर्ण भूमिका निर्वाह गर्न सक्ने कुरा ब्यक्त गर्नुभयो। आम नेपाली जनता र नागरीक समाजको आयोग प्रतिको आकांक्षा, विश्वास र भरोसा उच्च रहेकोले आगामी दिनमाउक्त चाहना एवं भावना बमोजिम काम गर्ने चुनौती आयोगमा रहेको बताउनुभयो।

नवनियुक्त माननीय आयुक्त श्री जय बहादुर चन्दले राज्यको लक्ष्य भ्रष्टाचारमुक्त र सुशासनयुक्त समाज निर्माणमा समूहिक भावनाका साथ काम गर्नुपर्ने कुरामा जोड दिनुभयो। राज्यले संवैधानिक आयोगको पनि जिम्मेवार पदमा विश्वास गरी नियुक्त गर्दा आफु कृतज्ञ भएको कुराव्यक्त गर्नुभयो। साथै उहाँले आयुक्तको रुपमा नियुक्ति हुँदा शुभकामना दिने शुभचिन्तक र शुभेक्षुक प्रति कृतज्ञता ब्यक्त गर्नुभयो। भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्ने पवित्र कार्यको सहयात्री हुन पाउँदा गौरवान्वित महशुस गरेको कुरा समेत बताउनुभयो।

माननीय आयुक्त श्री किशोर कुमार शिलवालले आयुक्तको रुपमा आफ्नो भूमिका समन्वयकारी रहने बताउनुभयो। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार सम्बन्धी अनुसन्धानलाई परम्परागत अपराध

भन्दा फरक तरिकाले हेर्नुपर्ने कुरामा जोड दिनुपर्ने बताउँदै प्राप्त संवैधानिक भूमिकामा प्रतिवद्ध रहेको कुरा समेत बताउनुभयो। कार्यक्रममा बोल्दै माननीय आयुक्तले आफुले विगतमा न्यायसम्पादन क्षेत्रमा प्राप्त गरेको अनुभवलाई आयोगको काम कारबाहीमा सदुपयोग गर्दै आफुलाई तोकिएको महत्वपूर्ण जिम्मेवारी दृढताका साथ पूरा गर्ने बताउनुभयो।

**ख.आयोगका तत्कालिन माननीय आयुक्त डा. गणेशराज जोशीको बिदाई कार्यक्रम सम्पन्न**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका तत्कालिन माननीय आयुक्त डा. गणेशराज जोशीले मिति २०७७/१०/२१ गतेदेखि लागू हुने गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको आयुक्त पदबाट अवकास लिनुभएको हुँदा माघ २१ गते नै आयोगका पदाधिकारी एवं कर्मचारीहरुको उपस्थितिमा एक समारोहका वीच बिदाई कार्यक्रम सम्पन्न गरीयो।

बिदाई समारोहमा तत्कालिन माननीय आयुक्त डा. गणेशराज जोशीलाई माननीय प्रमुख आयुक्त श्री प्रेम कुमार राई, मा.आयुक्त डा. सावित्री थापा गुरुङ, मा.आयुक्त श्री किशोर कुमार सिलवाल र मा.आयुक्त श्री जय बहादुर चन्दले पुष्पगुच्छा र मायाको चिनो प्रदान गर्नुभयो । सो अवसरमा माननीय आयुक्त डा.गणेशराज जोशीलाई आयोगका सम्पूर्ण कर्मचारीहरुको तर्फबाट आयोगका तत्कालिन सचिव श्री सुरेश अधिकारी र महाशाखा प्रमुखहरुले पुष्पगुच्छा र शुभ शब्दसहित बिदाई गर्नुभयो ।

**ग. अख्तियार दुरुपयोग अनुसन्धान आयोगका तत्कालिन सचिव श्री सुरेश अधिकारीको बिदाई सम्पन्न**

नेपालसरकार मन्त्रिपरिषदको मिति २०७७/१०/२९ गतेको निर्णयानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट निर्वाचन आयोगमा सरुवा भई जान लाग्नुभएका सचिव श्री सुरेश अधिकारीको बिदाई कार्यक्रम माननीय प्रमुख आयुक्त प्रेम कुमार राई, माननीय आयुक्तहरु डा. सावित्री थापा गुरुङ, किशोर कुमार सिलवाल र जयबहादुर चन्द समेतको समुपस्थितिमा सम्पन्न भयो ।

सो कार्यक्रममा आयोगका माननीय प्रमुख आयुक्त प्रेम कुमार राईले देशको विषम परिस्थितिमा समेत आयोगको प्रशासनिक तथा व्यवस्थापिकीय नेतृत्व, समन्वय तथा व्यवस्थापन कार्यको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गरेकोमा बधाई तथा आगामी कार्यकालमा राज्यमा सुशासन कायम गर्नको लागि प्रभावकारी नेतृत्व प्रदान गर्ने विश्वास समेत व्यक्त गर्दै आगामी दिनमा सहयोगको अपेक्षा सहित निर्वाचन आयोगमा कार्यकाल सफल रहोस भनी शुभकामना समेत व्यक्त गर्नुभयो ।

**घ. अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सचिवको पदभारग्रहण एवं स्वागत सम्पन्न**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा नेपाल सरकारको मिति २०७७/१०/२९ को निर्णयानुसार सरुवा भई आउनु भएका सचिव श्री तोयम रायाले मिति२०७७/११/०५ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सचिवको पदभारग्रहण गर्नुभएको छ।

स्वागत कार्यक्रममा आफ्नो मार्गदर्शन एवं निर्देशनसहितको मन्तव्य व्यक्त गर्दै सचिव श्री तोयम रायाले सार्वजनिक सेवा प्रवाह एवं सुशासनको अवस्था सुधारको लागि सबैको हातेमालो रहनुपर्ने कुरामा जोड दिनुभयो। आम नागरीकको सार्वजनिक सेवाप्रतिको धारणा नकारात्मक रहेको भन्दै यसबाट मुक्त गराउने दायित्व आयोगमा समेत रहेको बताउनुभयो। आयोगको अनुसन्धान प्रभावकारी बनाउन कर्मचारीहरु सीपयुक्त हुनुपर्ने भन्दै सूचना प्रविधिको उपयोगमा आउने जोखिमका विषयमा समेत सजग हुनुपर्ने बताउनुभयो।असल नियतले कर्मचारीले गरेको काममा आफ्नो सधैं साथ रहने बताउनुहुँदै सचिवले आफूलाई स्वागत कार्यक्रमको आयोजना गरेकोमा सम्पूर्ण कर्मचारीलाई धन्यवाद व्यक्त गर्नुभयो।

**ङ. अख्तियार दुरुपयोग अनुसन्धान आयोगका तत्कालिन माननीय आयुक्त डा.सावित्री थापा गुरुङको बिदाई सम्पन्नः**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आयुक्तको रुपमा ६ वर्षे पदावधि पूरा गरी सेवानिवृत्ति लिनुभएका तत्कालिन माननीय आयुक्त डा.सावित्री थापा गुरुङको बिदाई कार्यक्रम माननीय प्रमुख आयुक्त प्रेम कुमार राई, माननीय आयुक्तहरु किशोर कुमार सिलवाल र जय बहादुर चन्दको समेत समुपस्थितिमा मिति २०७७/१२/१८ गते सम्पन्न भयो ।

सो कार्यक्रममा आयोगका माननीय प्रमुख आयुक्त प्रेम कुमार राईले ६ वर्षे कार्यकालमा माननीय आयुक्तको यस आयोगमा ठुलो योगदान रहेको कुरा बताउनुभयो। बिदाई कार्यक्रममा आयोगका माननीय आयुक्त किशोर कुमार सिलवालले माननीय आयुक्त डा सावित्री थापा गुरुङको आयोगमा रहँदाको अनुभव आफूहरुलाई मार्गदर्शन हुने भन्दै सु-स्वास्थ्य र दीर्घायुको कामना गर्नुभयो। त्यस्तै उक्त समारोहमा आयोगका माननीय आयुक्त जय बहादुर चन्दले जीवनमा आगमन सुखद्, बिदाई दुखद् हुने भएतापनि आफ्नो कार्यकाल पूरा गरी जाने सौभाग्य पाएकोमा माननीय आयुक्त डा सावित्री थापागुरुङ भाग्यमानी रहेको कुरा बताउँदै भावी पारिवारिक एवं सामाजिक जीवन सुखमय होस् भनी शुभकामना व्यक्त गर्नुभयो।

**च. यस त्रैमासिक अवधिभित्र भए/गरेका अन्य मुख्य क्रियाकलापहरुः**

आयोगको कार्यप्रक्रियामा सुधार ल्याउन ४९ बुँदे आयोगको सुधार कार्ययोजना, २०७७ तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको छ भने निर्माण संरचना गुणस्तर जाँच कार्यविधि, २०७६ संसोधन प्रस्तावको मस्यौदा र पत्राचारको ताकेता एवं जरिवानासम्बन्धी मापदण्ड,२०७७ को मस्यौदा तयार गरीएको छ।

भ्रष्टाचारजन्य कार्य न्यूनीकरण गर्ने सन्दर्भमा आयोगबाट दायर भएका भ्रष्टाचार निवारण ऐन,२०५९ उल्लंघन आरोपपत्रहरुको फैसलाहरुको अध्ययन गरी आगामी दिनमा देखिएका कमी कमजोरीहरुलाई सुधार गर्दै जाने कार्य अन्तर्गत विगतका विशेष अदालत र सर्वोच्च अदालतबाट भए गरेका फैसला समेतको अध्ययन गरी अनुसन्धानमा सशक्तता ल्याउनका लागि कार्यदल गठन भै प्रतिवेदन समेत प्राप्त भैसकेको छ। आयोगको तर्फबाट दायर गरीने आरोपपत्रमा कुनै कमजोरी हुन नदिने प्रयोजनार्थ सुधार र परिमार्जन सहित पूर्णता

परीक्षण तथा अभियोजन सिफारिस कार्यविधि स्वीकृत गरी कार्यान्ववयनमा ल्याईएको छ भने छानवीन कार्यलाई वस्तुनिष्ठ र प्रभावकारी बनाउन मौजुदा उजुरी छानवीन तथा फछ्र्यौट सिफारिस समितिको कार्यप्रक्रियामा समेत सुधार गरीएको छ। आयोग र मातहत कार्यालयहरुमा दर्ता हुने विभिन्न प्रकारका सार्वजनिक निर्माणसँग सम्बन्धित उजुरीहरुको सन्दर्भमा प्रारम्भिक छानवीन र विस्तृत अनुसन्धान सम्पन्न गर्नु पूर्व आयोजनाको स्थलगत निरीक्षण तथा नापजाँच गरी फिल्ड प्रतिवेदन तयारी गर्ने कार्यलाई व्यवस्थित, स्तरीय र विश्वसनीय बनाउन आवश्यक चेकलिस्ट सहितको मार्गदर्शन तयार भएको छ।

आयोगको संस्थागत क्षमता विकास अन्तर्गत प्रविधिको महत्तम उपयोग गर्ने गरी मौजुदा कार्यालय स्वचालन प्रविधिलाई स्तरोन्नति गरीएको छ। यससँगै प्रारम्भिक छानवीन र विस्तृत अनुसन्धान प्रवाह प्रणाली स्तरोन्नति गरी विस्तृत अनुसन्धान प्रवाह प्रणाली संचालनमा ल्याइएको तथा अनुसन्धान अधिकृतहरुलाई सो को प्रयोगवारे तालिम समेत दिइएको छ। कोरोना महामारीसँगै भौतिक दूरी कायम गर्नुपर्ने बाध्यतालाई अवसरमा बदल्दै आयोगले मातहतका कार्यालयका प्रमुख एवम् कर्मचारीहरुसँग गर्ने पर्ने छलफललाई निरन्तरता दिन भिडियो कन्फरेन्सको उपयोगलाई व्यापकता दिइएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८, भ्रष्टाचार निवारण ऐन, २०५९,अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९, अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि २०७३(परिमार्जन सहित) र आयोगबाट समय समयमा जारी गरीएका कार्यविधिहरुको संकलन एवम् परिमार्जन गरी एकीकृत संगालो प्रकाशन गर्ने तयारी गरीएको छ भने दैनिक,साप्ताहिक, पाक्षिक तथा मासिक पत्र पत्रिकाहरुमा प्रकाशित भएका भ्रष्टाचार सम्बन्धी समाचार, भ्रष्टाचारविरुद्ध आयोग लगायत अन्य सरोकारवाला निकायहरुको कदम, भ्रष्टाचार विरुद्धका अभियन्ताहरुको लेख/रचना तथा सुशासन प्रवर्द्धनसँग सम्बन्धित समाचारहरुको स्वचलीत प्रणालीमार्फत लिपिबद्ध गर्न थालिएको छ।

त्यस्तै आयोगको अनुसन्धान र अभियोजन प्रणालीलाई सरल, चुस्त, प्रभावकारी र नतिजामुखी बनाउन प्रत्येक अनुसन्धान अधिकृतसँग विस्तृत अनुसन्धानका फाइलहरुको ब्रिफिङ लिने र अनुसन्धान कार्यलाई गति प्रदान गर्न, समिक्षा गर्न तथा तुरुन्तै अनुसन्धान गर्नुपर्ने उजुरीहरुलाई प्राथमिकता दिन नियमित निर्देशन दिने परम्पराको थालनी भएको छ भने यसैवीच उजुरीको अनुसन्धान गर्दा योग्यता र विशेषज्ञताको आधारमा अनुसन्धान अधिकृत तोकिने गरी योग्यता र अनुभव समेत खुल्ने विवरण(ROSTER) तयार गरी सफ्टवेयर प्रणाली बनाउने कार्यको थालनी गरीएको छ।आयोगबाट ३३ जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई अधिकार प्रत्यायोजन भए अनुसार हालसम्म भएका भ्रष्टाचार नियन्त्रणसम्बन्धी काम कारबाहीको विवरण, निर्णय कार्यान्वयनमा देखिएका समस्याहरु र सुधारका क्षेत्रहरु समेत खुल्ने गरी विवरण माग गरीएको छ। त्यस्तै अनुसन्धान अधिकृतहरुले विस्तृत अनुसन्धान गर्दा अनिवार्य रुपमा अनुसन्धान डायरी प्रयोग गरी आयोगको बैठक समक्ष अनुसन्धान प्रतिवेदन पेश गर्दा एकरुपताका लागि ढाँचा स्वीकृत गरी प्रयोगमा ल्याइएको छ।

## *४. आयोगमा रहने कर्मचारी संख्या*

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सचिवमा नेपाल सरकारका राजपत्रांकित विशिष्ट श्रेणीको सचिव रहने व्यवस्था छ ।नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७।०१।०८ को निर्णयबाट स्वीकृत भई कायम भएको दरबन्दी तेरिजवमोजिम आयोगको केन्द्र टंगालमा बाह्र वटा महाशाखाहरु सहित ५१२ जनाको दरबन्दी कायम भएको छ । त्यसैगरी मातहत आयोगको कार्यालय ७ वटा र १ सम्पर्क कार्यालयमा जम्मा ४७८ जनाको दरबन्दी गरी आयोगअन्तर्गत देहायअनुसार कुल ९९० जना कर्मचारी दरबन्दी रहेको छ ।

| श्रेणी/कार्यालय | टंगाल | इटहरी | बर्दिवास | हेटौंडा | पोखरा | बुटवल | नेपालगंज | सुर्खेत | कंचनपुर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रा.प. विशिष्ट | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ |
| रा.प.प्रथम | १३ | १ | १ | १ | १ | १ | ० | १ | १ | २० |
| रा.प.द्वितीय | ६४ | ४ | ४ | ४ | ४ | ४ | १ | ४ | ४ | ९३ |
| रा.प.तृतीय | १०७ | १७ | १८ | १७ | १५ | १५ | ८ | १७ | १५ | २२९ |
| **अधिकृतस्तर** | **१८५** | **२२** | **२३** | **२२** | **२०** | **२०** | **९** | **२२** | **२०** | **३४३** |
| रा.प.अनं. प्रथम | ११८ | १७ | १७ | १७ | १७ | १४ | १३ | १६ | १७ | २४६ |
| रा.प.अनं. द्वितीय | २४ | ४ | ४ | ४ | ४ | २ | ३ | २ | ४ | ५१ |
| रा.प.अनं. तृतीय | २६ | ४ | ४ | ४ | ४ | ३ | २ | ४ | ४ | ५५ |
| रा.प.अनं. चतुर्थ | ६४ | ७ | ७ | ७ | ७ | ६ | ४ | ७ | ७ | ११६ |
| श्रेणी विहिन | ९५ | ११ | ११ | ११ | ११ | १० | ९ | १० | ११ | १७९ |
| **सहायकस्तर** | **३२७** | **४३** | **४३** | **४३** | **४३** | **३५** | **३१** | **३९** | **४३** | **६४७** |
| **जम्मा** | **५१२** | **६५** | **६६** | **६५** | **६३** | **५५** | **४०** | **६१** | **६३** | **९९०** |

आयोगको कार्यालय टंगाल र अन्तर्गत कार्यालयमा साविकमा ९२७ स्वीकृत दरबन्दी रहेकोमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७।०१।०८ को निर्णयबाट अत्यावश्यक ६८ पद थप सिर्जना र अनावश्यक ५ पद खारेज भई हाल उक्त ९९० को दरबन्दी कायम हुन आएको छ । आयोगमा उपरोक्त अनुसारको स्वीकृत दरबन्दीमा स्थायी कर्मचारीका अतिरिक्त केही दरबन्दीमा करार सेवा अन्तर्गतको जनशक्तिबाट समेत सेवा प्रवाह हुँदै आएको छ । जसअनुसार कम्प्युटर अपरेटर, हलुका सवारी चालक, कार्यलय सहयोगी पदमा गरी आयोगमा जम्मा ४५ जना व्यक्तिहरु करारमा कार्यरत रहेका छन् ।

### *५. आम्दानी, खर्च तथा आर्थिक कारोवारसम्वन्धी अद्यावधिक विवरण*

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आर्थिक वर्ष २०७७/७८ को बजेट विनियोजन र तेस्रो त्रैमासिक अवधिको खर्चको विवरण देहाय अनुसार छ।

| क्र.स. | बजेट उप-शीर्षक | आ.व.२०७७/७८ को वार्षिक विनियोजित बजेट रू. | आ.व.२०७७/७८ को तेस्रो त्रैमासिकसम्म जम्मा खर्च रू. |
|---|---|---|---|
| १ | चालु खर्च (२०६०००११३) | ५५,५६,५२,०००।- | ५४११८८९९.७४।- |
| २ | चालु खर्च (२०६००००१३) | ९९,००,०००।- | २२३१५२४.४८।- |
| ३ | पुँजीगत २०६०००११४ | २०,४५,३०,०००।- | २९८,४७८.१०।- |
| | **जम्मा** | **७७,००,८२,०००।-** | **५६,६४८,९०२.३२।-** |

**साथै आर्थिक वर्ष २०७७/७८ तेस्रो त्रैमासिक अवधिको धरौटीको विवरण देहायअनुसार छ।**

| क्र.स. | विवरण | रकम रू. |
|---|---|---|
| १ | दोस्रो त्रैमासिक अवधिसम्मको मौज्दात रकम रू. | ४०,३१९,१२८.७० |
| २ | यस आ.व. २०७७/७८ को तेस्रो त्रैमासिक अवधिमा मा प्राप्त आम्दानी रकम रू. | २,१४४,४१७.६३ |
| ३ | यस आ.व. २०७७/७८ को दोस्रो त्रैमासिक अवधिमा धरौटी फिर्ता तथा सदर स्याहा भएको रकम रु. | ४,११६,५००.०० |
| ४ | जम्मा बाँकी मौज्दात रकम रु. | ३८,३४७,०४६।३३ |

**आर्थिक वर्ष २०७७/७८ को तेस्रो त्रैमासिक अवधिको राजस्व आम्दानीको विवरण देहायअनुसार छ।**

| क्र.स. | विवरण | रकम रू. |
|---|---|---|
| १ | सरकारी सम्पत्तिको विक्रीबाट प्राप्त आम्दानी | २००.०० |
| २ | विद्युत सेवा शुल्क | ० |
| ३ | न्यायिक दस्तुर | १०.०० |
| ४ | अन्य प्रशासनिक सेवा शुल्क | १५,००५.०० |
| ५ | प्रशासनिक दण्ड जरिवाना र जफत | १०५,०००.०० |
| ६ | बेरूजु | २,२३९,०००.०० |
| ७ | गत त्रैमासिकको नगद मौज्दात | ० |
| | **जम्मा** | **७,००८,५१५.००** |

*६.सार्वजनिक निकायमा परेका सूचना मागसम्बन्धी निवेदन र सूचना दिएको विषय*

आयोगमा यस आ.व. को तेस्रो त्रैमासिकमा सूचना माग गरी जम्मा ८४ वटा निवेदन परेको र उक्त निवेदन उपर कारबाही हुँदा ७१ वटा निवेदनका निवेदकले माग गरे बमोजिम सूचना प्राप्त गरेको अवस्था छ । उक्त निवेदनहरुमध्ये १३ वटा निवेदन असम्बन्धित व्यक्तिले असम्बन्धित विषयमा सूचना माग गरेको पाइएकोले सूचना उपलब्ध गराउन सकिएन ।

### *७. आयोगको वेबसाइट र सोको विवरण*

आयोगको वेभसाइट www.ciaa.gov.np रहेको छ। उक्त वेभसाइटमा आयोगको परिचय, आयोगका पदाधिकारीहरुको परिचय, गठन,सांगठनिक संरचना, आयोग मातहतका कार्यालयहरुको विवरण, ऐन कानून, प्रतिवेदन, सूचना, प्रेस विज्ञप्ति तथा आयोगका विभिन्न प्रकाशनहरु सूचीकृत गरीएको छ । यसका अलावा अनलाइन मार्फत उजुरी प्रेषित गर्ने व्यवस्थासमेत मिलाइएको छ । २०७२ माघ महिनादेखि आयोगको हटलाइन १०७ मार्फत उजुरी गुनासाहरु सम्प्रेषण गर्न सकिने व्यवस्था मिलाइएको छ । यसका साथै आयोगको Android मोबाइल एप्लिकेसन FACCIAA (Fight Against Corruption) समेतबाट उजुरी तथा गुनासाहरु सजिलै सगँ आयोगमा संप्रेषण गर्न सकिने व्यवस्था गरीएको छ।आयोगको फेसबुक पेज www.facebook.com/NepalCIAAमार्फत आयोगका प्रेस विज्ञप्ति सार्वजनिक गरी सूचना संप्रेषण गर्ने व्यवस्था गरीएको छ।

<u>गुनासो/उजुरीका लागि</u>

हटलाइन नं.: १०७ (उजुरीको लागि)

टोल फ्रि नं.: १६६०-०१-२२२३३ (उजुरी को लागि )

टेलिफोन नं.: ०१-५२६२१५१ (सामान्य प्रशासकीय विषयका लागि)

भाइबर नं.: +९७७-९८६३३३३१९१ (भाइबर/SMS मार्फत उजुरीका लागि)

फ्याक्स नं.: ०१-५२६२१०४/५२६२१२८ (फ्याक्स गर्नका लागि)

ईमेल : ujuri@ciaa.gov.np (ईमेल माफत उजुरीका लागि)

फेसबुक: /NepalCIAA (उजुरी Messages गरेर)

ट्विटर: @ciaa_nepal (उजुरी Messages गरेर)

हुलाक मार्फत वा आयोगमा आफैं उपस्थित भएर

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको त्रैमासिक विवरण

**अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल**

## *१. आयोगको स्वरुप र प्रकृति*

नेपालमा भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रबर्द्धन गर्नको लागि नेपालको संविधानको भाग २१,धारा २३८ मा संवैधानिक निकायको रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था गरिएको छ। जस अनुसार आयोगमा प्रमुख आयुक्त र अन्य चार जना आयुक्तहरु रहने व्यवस्था छ । प्रमुख आयुक्तले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अध्यक्ष भै काम गर्ने व्यवस्था छ । राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा प्रमुख आयुक्त र आयुक्तको नियुक्ति गर्ने प्रावधान छ। आयोगका प्रमुख आयुक्त र आयुक्तको पदावधि नियुक्तिको मितिले छ वर्षको हुने व्यवस्था छ । प्रमुख आयुक्त र आयुक्त ६५ वर्षको उमेरसम्म पदमा बहाल रहन सक्ने व्यवस्था रहेको छ ।

संविधानको धारा २३९ ले सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानून बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्ति उपर कानून बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्ने व्यवस्था छ ।

**अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पदाधिकारीहरु**

| | |
|---|---|
| माननीय प्रमुख आयुक्त | प्रेम कुमार राई |
| माननीय आयुक्त | किशोर कुमार सिलवाल |
| माननीय आयुक्त | जय बहादुर चन्द |

आयोगको केन्द्रीय कार्यालय, टंगाल, काठमाडौंमा रहेको छ । आयोग मातहत देहायका ७ वटा कार्यालयहरु र एउटा सम्पर्क कार्यालय रहेका छन् ।

| सि. नं. | कार्यालयको नाम | कार्यालयको फोन नं. | फ्याक्स नं. |
|---|---|---|---|
| १. | अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौं | हट लाइन नं. १०७ ०१५२६२१५१ | ०१-५२६२१२८ ०१५२६२१०४ |
| २. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरी | ०२५-५८६९७० | ०२५-५८५६०० |
| ३. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिवास | ०४४-५५०६८६ | ०४४-५५०५३१ |

| सि. नं. | कार्यालयको नाम | कार्यालयको फोन नं. | फ्याक्स नं. |
|---|---|---|---|
| ४. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडा | ०५७-५२१७४४ | ०५७-५२०३६९ |
| ५. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखरा | ०६१-५४०४५१ | ०६१-५४०४५२ |
| ६. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवल | ०७१-५४०८३७<br>०७१-५४००३१ | ०७१-५४०८२३ |
| | क. बुटवलको सम्पर्क कार्यालय, नेपालगन्ज | ०८१-५५०६२६,<br>०८१-५५०६२७ | ०८१-५५०४२६ |
| ७. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेत | ०८३-५२१९६०<br>०८३-५२३१७८ | ०८३-५२३८८४ |
| ८. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कञ्चनपुर | ०९९-५२४२६३<br>०९९-५२१११७ | ०९९-५२२७९५ |

## *२.आयोगको काम, कर्तव्य र अधिकार*

नेपालको संविधानको भाग २१ को धारा २३९ बमोजिम "(१) कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कानून बमोजिम अनुसन्धान गर्न वा गराउन सक्नेछ ।

तर यस संविधानमा छुट्टै व्यवस्था भएको पदाधिकारी र अन्य कानूनले छुट्टै विशेष व्यवस्था गरेको पदाधिकारीको हकमा यो उपधारा लागू हुने छैन ।

(२) धारा १०१ बमोजिम महाभियोग प्रस्ताव पारित भई पदमुक्त हुने व्यक्ति, न्याय परिषदबाट पदमुक्त हुने न्यायाधीश र सैनिक ऐन बमोजिम कारबाही हुने व्यक्तिका हकमा निज पदमुक्त भइसकेपछि संघीय कानून बमोजिम अनुसन्धान गर्न वा गराउन सकिनेछ ।

(३) उपधारा (१) वा (२) बमोजिम भएको अनुसन्धानबाट सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानून बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्ति उपर कानून बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्नेछ ।

(४) उपधारा (१) वा (२) बमोजिम भएको अनुसन्धानबाट सार्वजनिक पद धारण गरेको व्यक्तिको काम कारबाही अन्य अधिकारी वा निकायको अधिकारक्षेत्र अन्तर्गत पर्ने प्रकृतिको देखिएमा अख्तियार

दुरुपयोग अनुसन्धान आयोगले आवश्यक कारबाहीका लागि सम्बन्धित अधिकारी वा निकाय समक्ष लेखी पठाउन सक्नेछ ।

(५) अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गर्ने वा मुद्दा चलाउने आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार प्रमुख आयुक्त, कुनै आयुक्त वा नेपाल सरकारको अधिकृत कर्मचारीलाई तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

(६) अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि संघीय कानून बमोजिम हुने व्यवस्था छ । त्यसैगरी संविधानको धारा २९३ मा संवैधानिक निकायको काम कारबाहीको अनुगमन संसदीय समितिबाट हुने व्यवस्था रहेको छ भने धारा २९४ मा आयोगको बार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष बुझाउने सम्बन्धी व्यवस्था रहेको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले आयोगलाई अनुसन्धान गरी अभियोजन गर्ने कार्यको अतिरिक्त कानुनी राज्यको अवधारणा अनुरुप सुशासन कायम गर्न र सार्वजनिक सेवामा प्रभावकारिता ल्याउनका लागि आवश्यक हुने सुधारात्मक कार्यहरु गर्ने थप दायित्व समेत सुम्पेको छ । जस अन्तर्गत आयोगबाट निम्न कार्यहरु सम्पादित हुने गरेको छन्ः

- विद्यमान ऐन, नियम वा प्रचलनमा त्रुटि भए सुधार गर्न सुझाव दिने ।
- अनुसन्धान तहकिकातको क्रममा न्यायिक हिरासतमा राख्ने र धरौटी वा जमानत लिई वा नलिई तारिखमा राख्ने वा छाड्ने ।
- भ्रष्टाचारलाईरोकथाम गर्ने उद्देश्यले निरोधात्मक एवं प्रवर्द्धनात्मक कार्यहरु गर्ने ।
- भ्रष्टाचार नियन्त्रण गर्ने उद्देश्यले स्थापित राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्थाहरुसँग समन्वय, आपसी सहयोग र सम्वन्ध सुदृढ गर्ने ।
- आवश्यकतानुसार सम्वन्धित विषयको विशेषज्ञ वा विशिष्टीकृत सेवा प्राप्त गर्ने ।

### ३.आयोगबाट प्रदान गरिने सेवा

नेपालको संविधानमा सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानून बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा त्यस्तो व्यक्ति र सो अपराधमा संलग्नअन्य व्यक्तिहरु उपर अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान तहकिकात गरी कानून बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्ने वा गराउन सक्ने व्यवस्था गरिएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले भ्रष्टाचारको सम्बन्धमा कसैको उजुरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको जानकारीको आधारमा आयोगले अनुसन्धान र तहकिकात गर्न वा अन्य कारबाही चलाउन सक्ने व्यवस्था रहेअनुसार भ्रष्टाचार सम्बन्धी प्राप्त हुने उजुरी आयोगका सबै कार्यालयहरुमा दर्ता गर्ने व्यवस्था गरिएको छ ।

आयोगमा विचाराधीन अवस्थामा रहेको कुनै विषयसँग सम्बन्धित कागजात र कुनै कागजातको नक्कल नदिने गरी आयोगबाट निर्णय वा आदेश भएकोमा त्यस्तो कागजातको नक्कल उपलब्ध हुँदैन । त्यसैगरी आयोगबाट हुने अनुसन्धान, तहकिकात वा अभियोजनसम्बन्धी कारबाहीलाई प्रतिकूल असर पार्ने देखिएका विषयमा कुनै सूचना उपलब्ध हुँदैन ।

तर आयोगबाट मुद्दा नचल्ने तामेलीमा राख्ने निर्णय भएको विषयसँग सम्बन्धित मिसिल संलग्न कागजातहरुमध्ये आयोगमा दिएको बयान वा आयोगको निर्णयको नक्कल माग गर्ने सम्बन्धित सरोकारवालालाई त्यस्तो नक्कल उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

यसैगरी आयोगमा दर्ता गराएको कुनै उजुरी वा आयोगको कुनै कामकारबाही उपर सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना माग गर्ने सरोकारवाला नेपाली नागरिकलाई अनुसन्धान, तहकिकात वा अभियोजनसम्बन्धी कारबाहीलाई प्रतिकूल असर नपार्ने गरी सूचना उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

### *४.सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी*

भ्रष्टाचारसम्बन्धी उजुरी दर्ता गर्नका लागि आयोगको मूल दर्ता शाखा जिम्मेवार रहन्छ । हटलाइन १०७ मा आउने उजुरीका लागि प्रहरी महाशाखाका साथै टोल फ्रि, भाइवर तथा इ-मेल मार्फत आउने उजुरीका लागि नीति तथा योजना महाशाखा जिम्मेवार रहन्छन् ।

आयोगबाट मुद्दा नचल्ने तामेलीमा राख्ने निर्णय भएको विषयसँग सम्बन्धित मिसिल संलग्न कागजातहरुमध्ये आयोगमा दिएको बयान वा आयोगको निर्णयको नक्कल माग गर्ने सरोकारवालालाई सो नक्कल उपलब्ध गराउन आयोगको तामेली शाखाको शाखा प्रमुख जिम्मेवारी हुन्छन् ।

यसैगरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना माग गर्ने सरोकारवाला नेपाली नागरिकलाई सूचना उपलब्ध गराउने जिम्मेवारी आयोगको सूचना समन्वय शाखा प्रमुख एवं सूचना अधिकारीको हुन्छ ।

### *५.सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि*

आयोगबाट प्रदान हुने सेवाका लागि सामान्यतया कुनै शुल्क दस्तुर लाग्दैन ।

सरोकारवाला नेपाली नागरिकले अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३७ बमोजिम नक्कल माग्न आएमा प्रति पाना रु. ५/- दस्तुर लाग्ने र निवेदन दिएको भोली पल्ट सम्बन्धित सरोकारवाला नेपाली नागरिकले सेवा पाउन सक्दछन् ।

सरोकारवाला नेपाली नागरिकले सूचनाको हक अन्तर्गत सूचना माग्न आएमा सूचनाको प्रकृति हेरी बढीमा १५ दिनसम्मको अवधि लाग्ने तथा दश पेजसम्मको सूचना निःशुल्क प्राप्त हुने र सो भन्दा बढी भएमा प्रति पेज रु. ५/- दस्तुर लाग्दछ ।

## *६.निर्णय गर्ने प्रक्रिया र अधिकारी*

### क. उजुरी सम्बन्धी निर्णय प्रक्रिया

- आयोगमा प्राप्त सबै उजुरीहरु दर्ता पश्चात उजुरी छानबीन तथा फछ्र्यौंट सिफारिस समितिमा उजुरीको सम्बन्धमा छलफल भै अनुसन्धान गर्नु पर्ने उजुरीहरु सम्बन्धित महाशाखा, आयोगका कार्यालयहरु वा नेपाल सरकारका अन्य उपयुक्त कार्यालय वा पदाधिकारीहरुमा लेखी पठाउन र तामेलीमा राख्ने उजुरीहरु तामेलीमा राखी लगत कट्टा गर्न सिफारिश भएका आधारमा आयोगबाट निर्णय हुने गर्दछ ।
- उजुरी छानबीन तथा फछ्र्यौंट सिफारिस समिति, महाशाखा वा मातहतका कार्यालयहरुको सिफारिसमा प्रारम्भिक छानबिन वा विस्तृत अनुसन्धान गर्ने गरी आयोगबाट निर्णय हुने गर्दछ ।
- अनुसन्धान अधिकृतको सिफारिसको आधारमा सम्मानित विशेष अदालतमा मुद्दा दायर गर्ने सम्बन्धमा आयोगबाट निर्णय हुने गर्दछ ।

### ख. नक्कल र सूचना लिने सम्बन्धी प्रक्रिया

- अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३७ बमोजिम नक्कल माग गर्ने सरोकारवाला नेपाली नागरिकले सोही नियमावलीको अनुसूची १५ बमोजिमको ढाँचामा निवेदन लेखी आयोगको मूलदर्तामा दर्ता गराउनुपर्ने ।
- निवेदन साथ वादी र आरोपित व्यक्तिको नाम तथा विवरण सहित सरोकार देखिने व्यहोरा खुलाउनुपर्ने ।
- निवेदनमा कुन-कुन कागजको नक्कल चाहिएको हो त्यसको विवरण खुलाउनुपर्ने।
- सकेसम्म तामेलीमा रहेको मिसिलको तामेली नम्वर खुलाउनुपर्ने ।
- नक्कलका लागि परेको निवेदन माथि कारबाही भई नक्कल दिने निर्णय भएपछि तामेली शाखा प्रमुखले तोकि दिएबमोजिमको शुल्क आर्थिक प्रशासन शाखामा बुझाएको रसिद संलग्न गर्नुपर्ने ।
- नक्कलको लागि शुल्क बुझाएको दिनमा नै प्रमाणित नक्कल सरोकारवाला सेवाग्राहीले पाउने ।
- सूचनाको हक सम्बन्धीऐन, २०६४ बमोजिम सूचना माग गर्ने सम्बन्धित सरोकारवाला नेपाली नागरिकले आयोगद्वारा निर्दिष्ट ढाँचा निवेदन लेखी आयोगको मूलदर्तामा दर्ता गराउनुपर्ने ।
- आयोगमा दिएको उजुरीको सम्बन्धमा सूचना माग गर्ने सरोकारवालाले उजुरी दर्ता नम्वर अनिवार्य रुपमा खुलाउनुपर्ने ।

*ग.* **निर्णय गर्ने अधिकारीः** *सूचनासँग सम्बन्धित विषयको प्रकृतिअनुसार आयोगका सचिव एवं आयोग।*

**७. निर्णय उपर उजुरी सुन्ने अधिकारी**

सचिव श्री तोयम राया

**८. प्रमुख, प्रवक्ता एवं सूचना अधिकारीको नाम र पद**

**प्रमुखः-** सचिव श्री तोयम राया

**सह-सचिव एवं प्रवक्ताः-** श्री नारायण प्रसाद रिसाल ९८५१२३३२८१

**सूचना अधिकारीः-** उप-सचिव श्री वेदप्रसाद भण्डारी ९८५११८७३०८

**सहायक सूचना अधिकारीः-** शाखा अधिकृत श्री राम प्रसाद आचार्य

आयोग मातहतका ७ वटा कार्यालयहरुका (बुटवलको सम्पर्क कार्यालय, नेपालगन्ज समेत) सूचना अधिकारीहरुको नाम र सम्पर्क टेलिफोन नं. देहाय अनुसार रहेको छ ।

| कार्यालयको नाम | सूचना अधिकारीको नाम | सम्पर्क टेलीफोन नं. |
|---|---|---|
| अ.दु.अ.आ.कार्यालय, इटहरी | उप-सचिव श्री पुरुषोत्तम ढकाल | ९८५२०७०३३३ |
| अ.दु.अ.आ.कार्यालय, बर्दिवास | उप-सचिव श्री मणिराम ज्ञवाली | ९८५४०७९१११ |
| अ.दु.अ.आ.कार्यालय, हेटौडा | उप-सचिव श्री विष्णु प्रसाद सापकोटा | ९८५११६१७७७ |
| अ.दु.अ.आ.कार्यालय, पोखरा | उप-सचिव श्री मेघनाथ रिजाल | ९८४८२५६४४४ |
| अ.दु.अ.आ.कार्यालय, बुटवल | शा.अ.श्री सुरेश भुसाल | ९८५७०६३१४६ |
| अ.दु.अ.आ.कार्यालय, सुर्खेत | उप-सचिव श्री रमेश गौतम | ९८५८०७३६६६ |
| अ.दु.अ.आ.कार्यालय, बुटवलको सम्पर्क कार्यालय, नेपालगन्ज | शा.अ. श्री श्रीधर टण्डन | ९८५८०४५७८८ |
| अ.दु.अ.आ.कार्यालय, कन्चनपुर | उप-सचिव श्री टोप बहादुर विष्ट | ९८५८७५२३७७ |

**९. संविधान,ऐन,नियम, विनियम वा निर्देशिकाको सूची**

- नेपालको संविधान,
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८
- भ्रष्टाचार निवारण ऐन, २०५९
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली,२०५९
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०७३
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग पदाधिकारी एवं कर्मचारीहरुको आचार संहिता, २०७६
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४
- विशेष अदालत ऐन, २०५९

## १०. तोकिए बमोजिमको अन्य विवरण

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्रकाशन भएका प्रतिवेदन तथा अन्य प्रकाशनहरु देहाय बमोजिम रहेका छन्:

- आयोगको तीसौं वार्षिक प्रतिवेदन (आर्थिक वर्ष २०७६/७७)
- संस्थागत रणनीतिक योजना आ.व. २०७६/७७ – २०८०/८१
- स्मारिका-२०७७
- अख्तियार इ-बुलेटिन
- भ्रष्टाचारसँग सम्बन्धित महत्वपूर्ण नजीरहरुको सारसंक्षेप २०७६
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग पदाधिकारी एवं कर्मचारीहरुको आचारसंहिता, २०७६

## ११. अघिल्लो आ.व.मा संचालित कार्यक्रमहरु

- सामुदायिक शिक्षा कार्यक्रम
- अन्तरक्रिया कार्यक्रम
- समन्वय बैठक
- बैदेशिक तालिम तथा अवलोकन भ्रमण
- कानूनमा सुधारका लागि अन्तर्क्रिया तथा मस्यौदा तयारी कार्य
- भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय दिवस
- अनुसन्धानका लागि आधारभूत तालिम कार्यक्रम
- आयोगको स्थापना दिवस कार्यक्रम

## १२. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रतिवेदन

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आ.व.२०७६/७७ मा भ्रष्टाचार नियन्त्रण गरी देशमा सुशासन कायम गर्न गरेका कार्यहरुको तीसौ वार्षिक प्रतिवेदन २०७७ पुस ०९ गते सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गरिसकेको र मिति २०७७ साल माघ २८ गते आयोगको ३० औं बार्षिकोत्सव कार्यक्रममा सम्माननीय राष्ट्रपतिवाट नै लोकार्पण समेत गरिएको छ।

## १३. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि

सूचनाको हकसम्बन्धी ऐन, २०६४ आयोगसँग सम्बन्धित ऐन, नियमावलीमा गोप्य रहने भनि उल्लेख गरेका सूचना बाहेक सबै प्रकारका सूचनाहरु आयोगको वेभसाइट मार्फत् र सामाजिक संजालमा समेत दैनिक प्रकाशन गरी जानकारी गराउने गरिएको छ । साथै आयोगले नेपाल टेलिभिजनसँग मिलेर २०७६ साउनदेखि प्रत्येक हप्ता मंगलबार साँझ ७:२५ देखि आधा घण्टाको टेलिभिजन कार्यक्रम **"सुशासन सवाल"** उत्पादन र प्रशारण गर्दै आइरहेको छ ।